राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३७ २०८३ भदौ ९ गते मंगलवार (25 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## गरिमा हत्या अनुसन्धानको भिडियो सार्वजनिक गर्ने प्रहरी पक्राउ

दैनिक समाचारदाता
जनकपुरधाम, ८ भदौ । बारा जिल्लामा बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाको अनुसन्धानका क्रममा किशोरले दिएको बयानको भिडियो सार्वजनिक भएपछि प्रहरीले भिडियो खिच्ने एक प्रहरीलाई पक्राउ गरेको छ ।

बयानका क्रममा खिचिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि अनुसन्धान प्रक्रियाको गोपनीयता र प्रहरीको भूमिकामाथि प्रश्न उठेको थियो । भिडियोमा घटनाबारे किशोरले बयान दिइरहेको देखिन्छ ।

प्रहरीका अनुसार अनुसन्धानका क्रममा बयान कक्षमा रहेका प्रहरीमध्ये एक जनाले भिडियो खिचेको खुलेपछि उनलाई नियन्त्रणमा लिइएको हो । पक्राउ परेका प्रहरीलाई हिरासतमा राखी फौजदारी कसुरअन्तर्गत अनुसन्धान तथा कारबाही अघि बढाउने तयारी गरिएको छ ।

बारा प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरका अनुसार भिडियो खिच्ने समूहमा पाँच जना प्रहरी देखिएका छन् । घटनामा अन्य प्रहरीको संलग्नताबारे समेत अनुसन्धान भइरहेको उहाँले बताउनुभयो ।

अनुसन्धानका क्रममा संकलन गरिएको संवेदनशील बयानको भिडियो सामाजिक सञ्जालमा कसरी पुग्यो भन्ने विषयमा समेत प्रहरीले छानबिन गरिरहेको जनाएको छ । घटनामा संलग्न अन्य व्यक्तिको भूमिकाबारे अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ ।

बालिका गरिमा चौधरीको हत्याको घटनालाई लिएर यसअघि नै स्थानीयस्तरमा विरोध तथा दोषीमाथि कडा कारबाहीको माग हुँदै आएको थियो । पछिल्लो घटनाले अनुसन्धान प्रक्रियामा संलग्न प्रहरीको जिम्मेवारी र संवेदनशील सूचनाको गोपनीयता कायम गर्ने व्यवस्थामाथि थप प्रश्न उठाएको छ ।

## बाढी र डुबान हुनुअघिको तयारी

- नदीमा बढेको पानी, बाँध र तटबन्धको अवस्थाबारे जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालीन अवस्थाका लागि खाद्यान्न तथा औषधिजन्य सामग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाइफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधैं मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएको खण्डमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बालअधिकार कार्यान्वयनमा जोड

## बालविवाह अन्त्य र बालमैत्री नीति कार्यान्वयनमा तीनै तहका सरकारबीच समन्वय आवश्यक




दैनिक समाचारदाता
जनकपुरधाम, ८ भदौ । हरेक बालबालिकाको सर्वाङ्गीण विकास, अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्ने उद्देश्यले जनकपुरधाममा सोमबार प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

कार्यक्रममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, बालबालिकामैत्री बजेट सञ्चालन तथा व्यवस्थापन कार्यविधि र राष्ट्रिय बालबालिका नीति(२०८० का विषयमा छलफल तथा मस्यौदा प्रस्तुत गरिएको हो ।

संघीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजना र मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको समन्वयमा आयोजित कार्यक्रममा नीति आयोग मधेश प्रदेशका सदस्य नवल यादवले बालविवाह तथा बालअधिकार सुनिश्चित गर्न कानून निर्माणसँगै प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए ।

"कानून कार्यान्वयन गर्ने जिम्मेवारी हामी सबैको हो । राज्यले कानून निर्माण गर्ने र सबैले त्यसको पालना गरे मात्र लक्ष्य हासिल गर्न सकिन्छ," उनले भने । कार्यक्रममा संघीय मन्त्रालयका निर्मल कुमार राईले राष्ट्रिय बालबालिका नीति(२०८० को मस्यौदा प्रस्तुत गर्दै नीतिले बालबालिकाको अधिकार, संरक्षण, विकास र सहभागितालाई प्राथमिकता दिएको बताए । २०६९ को नीतिलाई पुनरावलोकन गरी संघीय शासन प्रणालीअनुकूल नयाँ नीति ल्याइएको उनको भनाइ थियो ।

नीतिले बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण तथा विकासका अवसर सुनिश्चित गर्ने, बालश्रम, बालविवाह, हिंसा, यौन शोषण, बेचबिखन तथा दुर्व्यवहारबाट संरक्षण गर्ने व्यवस्था गरेको छ । साथै बालबालिकासँग सम्बन्धित निर्णयमा उनीहरूको विचार र सहभागितालाई सम्मान गर्दै सर्वोत्तम हितलाई प्रमुख आधार मानिएको छ ।

जात, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता वा भौगोलिक क्षेत्रका आधारमा भेदभाव नगरी समान अधिकार र अवसर सुनिश्चित गर्ने तथा संघ, प्रदेश र स्थानीय तहबीच समन्वयमार्फत बालअधिकार संरक्षण र प्रवर्द्धन गर्ने नीतिको उद्देश्य रहेको राईले बताए ।

डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै अनलाइन सुरक्षा, साइबर जोखिम र डिजिटल दुर्व्यवहार नियन्त्रणलाई समेत नीतिले प्राथमिकतामा राखेको छ । बालविवाह अन्त्य, बालमैत्री सार्वजनिक संरचना र बालबालिकासम्बन्धी तथ्यांक व्यवस्थापनमा पनि जोड दिइएको छ ।कार्यक्रममा मधेशका आठवटै जिल्लामा बालअधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिले सुझाव तथा धारणा राखेका थिए । खेलकुद तथा समाज कल्याण मन्त्रालयअन्तर्गत समाज कल्याण महाशाखाकी प्रमुख निर्मला मिश्र, निरज चौधरी, सबल नेपालका प्रतिनिधिलगायतको सहभागिता थियो ।

## मधेश सरकारद्वारा ४ करोड ६८ लाखको सवारीसाधन हस्तान्तरण

दैनिक समाचारदाता
जनकपुरधाम ८ भदौ । मधेश प्रदेश सरकारले प्रदेशका आठवटै जिल्ला तथा चारवटा इलाका प्रहरी कार्यालयलाई शान्ति सुरक्षा कायम गर्न १२ वटा प्रहरी भ्यान हस्तान्तरण गरेको छ।


मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयले सोमबार विशेष कार्यक्रम आयोजना गरी प्रदेशका आठ जिल्लालाई एक-एक तथा चार इलाका प्रहरी कार्यालयलाई एक-एक थान




प्रहरी भ्यान प्रदान गरेको हो।

प्रहरी भ्यान प्राप्त गर्ने इलाका प्रहरी कार्यालयहरूमा रौतहटको चन्द्रनिगाहपुर र गरुडा तथा सर्लाहीको गोडैता र गडहिया रहेका छन्। मन्त्रालयले महेन्द्रा कम्पनीका बोलेरो पिकअप भ्यान उपलब्ध गराएको हो। नयाँ सवारीसाधनले जिल्ल तथा इलाकामा शान्ति सुरक्षा कायम गर्न प्रहरीको परिचालनलाई थप सहज बनाउने अपेक्षा गरिएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# धान रोपाइँ सम्पन्न उत्पादनमा चुनौती

मधेश प्रदेशमा यस वर्ष धान रोपाइँ करिब सम्पन्न भएको छ। समयमै वर्षा हुनु र मलखादको उपलब्धता सहज हुनु सकारात्मक पक्ष हो। प्रदेशमा ३ लाख ८२ हजार ४ सय ३३ हेक्टरमा धानखेती हुँदै आएकामा ३ लाख ७३ हजार ६ सय ९३ दशमलव २९ हेक्टर अर्थात् ९८ प्रतिशत क्षेत्रमा रोपाइँ सकिनु कृषि क्षेत्रका लागि उत्साहजनक उपलब्धि हो।

जिल्लागत रूपमा पनि अधिकांश स्थानमा रोपाइँ उत्साहजनक देखिएको छ। सिरहामा शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ भने धनुषा र सप्तरीमा ९५ प्रतिशत रोपाइँ भएको छ। बारा, सर्लाही, पर्सालगायतका जिल्लामा पनि रोपाइँ अन्तिम चरणमा पुगेको छ। समयमै पानी र मलखाद उपलब्ध हुनु किसानका लागि ठूलो राहत बनेको देखिन्छ।

तर रोपाइँ सम्पन्न हुनु मात्र कृषि क्षेत्रको सफलता होइन। मधेशको वास्तविक चुनौती अब उत्पादन बढाउनु, किसानको लागत घटाउनु र उत्पादित धानलाई उचित बजार तथा मूल्य सुनिश्चित गर्नु हो। प्रदेशको मुख्य बाली धानमा करिब ९० प्रतिशत किसान संलग्न भए पनि यहाँ उत्पादित धानले वर्षभरको माग धान्न नसक्नु विडम्बनापूर्ण अवस्था हो।

यसको प्रमाण भारतबाट हुने धान आयातले नै देखाउँछ। आर्थिक वर्ष २०८२/८३ मा भिठामोड नाका हुँदै मात्रै ८५ करोड ६७ लाख ६३ हजार रुपैयाँभन्दा बढी मूल्यको २ करोड ६७ लाख ७३ हजार किलो धान नेपाल भित्रिएको तथ्यांक छ। आफ्नो प्रमुख कृषि बालीका लागि बाह्य बजारमा निर्भर हुनुपर्ने अवस्था मधेशको कृषि अर्थतन्त्रको कमजोर पक्ष हो।

त्यसैले अब सरकारको प्राथमिकता 'रोपाइँ सम्पन्न भयो' भन्ने तथ्यमा सीमित हुनु हुँदैन। सिंचाइको दिगो व्यवस्था, उन्नत बीउ, मलखादको नियमित आपूर्ति, कृषि प्रविधिको विस्तार, किसानलाई सहुलियतपूर्ण ऋण, उत्पादनको उचित मूल्य र भण्डारण तथा बजारीकरणको प्रभावकारी व्यवस्था आवश्यक छ। जलवायु परिवर्तनका कारण वर्षा अनियमित हुने जोखिम बढ्दै गएकाले सिंचाइ पूर्वाधारलाई अझ प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

मधेशको कृषि अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने हो भने धानको उत्पादन र उत्पादकत्व दुवै बढाउनुपर्छ। किसानलाई उत्पादन गर्न मात्र प्रोत्साहित गरेर पुग्दैन, उनीहरूको उत्पादन बजारसम्म पुऱ्याउने र उचित मूल्य दिलाउने जिम्मेवारी पनि राज्यले लिनुपर्छ। अन्यथा हरेक वर्ष रोपाइँको प्रतिशत बढेको समाचार आए पनि उपभोगका लागि भारतबाट धान आयात गर्नुपर्ने बाध्यता कायमै रहनेछ।

यस वर्षको ९८ प्रतिशत रोपाइँलाई कृषि रूपान्तरणको सुरुआत बनाउनु आवश्यक छ। अबको लक्ष्य रोपाइँको प्रतिशत होइन, मधेशलाई धान उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्य हुनुपर्छ।

# हाम्रो पैसा कहाँ अड्किएको छ?



शेरजंग बहादुर चन्द

नेपालको अर्थतन्त्रमा अहिले देखिएको एउटा महत्वपूर्ण विरोधाभासलाई गम्भीर रूपमा बहस गर्नुपर्ने समय आएको छ।

बैंक तथा वित्तीय संस्थामा निक्षेप बढिरहेको छ, बैंकिङ प्रणालीमा पर्याप्त तरलता छ र कर्जाको ब्याजदर पनि विगतको तुलनामा घटेको छ। तर उद्योग, व्यवसाय, उत्पादन र निजी लगानीले अपेक्षित गति लिन सकेको छैन।

साधारण अर्थशास्त्रीय दृष्टिले हेर्दा यो अवस्था केही अस्वाभाविक देखिन्छ। बैंकमा पैसा बढेपछि कर्जाको लागत घट्नुपर्ने, कर्जा बढेपछि लगानी विस्तार हुनुपर्ने र लगानी बढेपछि उत्पादन तथा रोजगारी बढ्नुपर्ने हो।

तर नेपालमा अहिले यो चक्रले पूर्णता पाएको छैन भन्नुपर्दा कतै न कतै चक्र टुटेको छ।

प्रश्न यही हो, पैसा कहाँ अड्किएको छ? बैंकमा कि अर्थतन्त्रको विश्वासमा?

समस्या पैसाको अभाव होइन, लगानीको अभाव हो

अर्थतन्त्रमा बचत बढेपछि बैंकिङ प्रणालीमा ऋणयोग्य कोष बढ्छ। त्यसले ब्याजदर घटाउन सक्छ र कम ब्याजदरले निजी लगानीलाई प्रोत्साहित गर्न सक्छ। तर यो सिद्धान्त स्वतः लागू हुँदैन। व्यवसायीले ऋण लिएर उत्पादन गर्दा भविष्यमा पर्याप्त प्रतिफल प्राप्त हुन्छ भन्ने विश्वास गर्नुपर्छ।

बजारमा माग कमजोर छ, कर तथा नीतिगत व्यवस्था अनिश्चित छ, परियोजना सञ्चालनमा प्रशासनिक झन्झट छ र लगानीको जोखिम उच्च छ भने ब्याजदर केही प्रतिशत घट्दैमा लगानीकर्ता ऋण लिन तयार हुँदैन।

यसैले नेपालको अहिलेको समस्या पैसा छैन भन्ने होइन, पैसालाई उत्पादनमा लैजाने विश्वासयोग्य अवसर छैन भन्ने हो। यसलाई अर्को तरिकाले हेर्दा बैंकसँग पैसा छ, तर अर्थतन्त्रमा पर्याप्त 'बैंकएबल प्रोजेक्ट्स' छैनन्।

*केन्सले दिएको महत्वपूर्ण संकेत*

अनिश्चितताको समयमा मानिस र संस्थाहरूले पैसा खर्च वा लगानी गर्नुभन्दा तरल रूपमा राख्न रूचाउने सम्भावना देखाउँछ। नेपालको अवस्थामा यो विचार अझ रोचक छ।

नेपालमा नागरिक तथा संस्थाले बैंकमा पैसा राख्छन् र बैंकसँग तरलता बढ्छ। तर व्यवसायीले ऋण लिएर नयाँ उद्योग खोल्ने, उत्पादन बढाउने वा नयाँ परियोजना सुरू गर्ने निर्णय गर्दैनन्।

त्यसपछि एउटा चक्र बन्छ – निक्षेप बढ्छ – बैंकको तरलता बढ्छ – कर्जाको माग कमजोर हुन्छ – निजी लगानी घट्छ – उत्पादन विस्तार हुँदैन – रोजगारी र आयमा अपेक्षित वृद्धि हुँदैन।

तर यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ। बैंकमा तरलता बढी हुनु मात्र 'लिक्विडिटी ट्र्याप' होइन। लिक्विडिटी ट्र्याप एउटा विशिष्ट म्याक्रो इकोनोमिक अवस्था हो। नेपालको समस्यालाई त्यसैमा सीमित गर्नु भन्दा कमजोर लगानी माग, कमजोर व्यापार दृढता र उत्पादनमूलक लगानीको कमी भनेर बुझ्नु बढी उपयुक्त हुन्छ।

*ब्याजदर घटाएर मात्र समाधान हुँदैन*

नेपालमा आर्थिक गतिविधि बढाउन ब्याजदर घटाउने नीति आवश्यक हुन सक्छ। तर ब्याजदर नै सबै समस्याको समाधान होइन।

उदाहरणका लागि, एउटा उद्योगीले १० करोड रूपैयाँ ऋण लिएर उद्योग खोल्न सक्ने सामर्थ्य छ। नेपालको हाल ब्याजदर १० प्रतिशतबाट घटेर ७ प्रतिशत भयो। तर उसलाई बजारमा आफ्नो उत्पादन बिक्री हुनेमा विश्वास छैन।

झन् उसलाई अरू कुराले पिरोलिरहेको छ– विद्युत महसुल, श्रम लगानी खर्च, कर, आयात, कच्चा पदार्थ र प्रशासनिक प्रक्रियामा अनिश्चितता।

यस्तो अवस्थामा ७ प्रतिशतको ऋण पनि त्यो उद्योगीलाई आकर्षक गर्दैन।

यसको अर्थ स्पष्ट छ– ब्याजदरको कमी भनेको ठूलो लगानी गर्नु वा बढ्नु होइन। लगानी बढ्न व्यवसायीले अपेक्षित प्रतिफललाई जोखिम र पुँजीको लागतभन्दा राम्रो देख्नुपर्छ। त्यसैले सरकारले ब्याजदर मात्र होइन, लगानीको जोखिम र अनिश्चितता पनि घटाउनुपर्छ।

अब नेपालको आर्थिक नीतिको लक्ष्य बदलिनुपर्छ।

नेपालले अब बैंकमा कति निक्षेप जम्मा भयो र कति कर्जा प्रवाह भयो भन्ने परम्परागत प्रश्नबाट माथि उठ्नुपर्छ।

मुख्य प्रश्नहरू यस्ता हुनुपर्छन् – बैंकबाट गएको कर्जाले कति उत्पादन बढायो? कति नयाँ रोजगारी सिर्जना भयो? कति आयात प्रतिस्थापन भयो? कति निर्यात बढ्यो? कति विदेशी मुद्रा आयो? कति नयाँ कर राजस्व सिर्जना भयो?

यही आधारमा बैंकिङ कर्जाको वास्तविक उत्पादकता मापन गर्नुपर्छ।

नेपालको नयाँ आर्थिक सोच - निक्षेपदेखि उत्पादनसम्म

नेपालले बैंकिङ तरलतालाई उत्पादनशील पुँजीमा बदल्ने एउटा स्पष्ट राष्ट्रिय मोडल विकास गर्न सक्छ। यसको सरल रूप यस्तो हुन सक्छ। बैंकमा संकलित निक्षेपलाई कम ब्याजदरमा दीर्घकालीन कर्जाका रूपमा उत्पादनशील तथा सम्भाव्य परियोजनामा प्रवाह गर्ने, कर्जा ग्यारेन्टी तथा जोखिम साझेदारीमार्फत निजी क्षेत्रको लगानी जोखिम घटाउने, निजी लगानी बढाउँदै उत्पादन र रोजगारी विस्तार गर्ने, उत्पादन बढेसँगै निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्ने र यसबाट सरकारी कर राजस्व वृद्धि हुँदै समग्र आर्थिक वृद्धि तथा दिगो आर्थिक विकास हासिल गर्ने।

यसको अर्थ बैंकमा जम्मा भएको प्रत्येक रूपैयाँ जबर्जस्ती ऋण बनाउने होइन। बरू उत्पादन गर्न सक्ने परियोजनासम्म पैसा पुऱ्याउने प्रणाली निर्माण गर्ने हो।

नेपाललाई 'नेसनल प्रोजेक्ट बैंक' चाहिन्छ। नेपालमा पैसा र लगानीकर्ता दुवै छन्। तर धेरै पटक समस्या व्यवहार्य परियोजनाको अभावमा देखिन्छ। सरकारले राष्ट्रिय तथा प्रदेशस्तरमा नेसनल प्रोजेक्ट बैंकको अवधारणा विकास गर्न सक्छ।

यसमा जलविद्युत, कृषि प्रशोधन, पर्यटन, आइटी, उत्पादनमूलक उद्योग, निर्यात तथा आयात प्रतिस्थापनका परियोजनालाई लागत, प्रतिफल, रोजगारी, बजार, जोखिम र विदेशी मुद्रा आम्दानीका आधारमा मूल्यांकन गर्न सकिन्छ।

त्यसपछि बैंक, निजी लगानीकर्ता तथा विदेशी लगानीकर्ताले तयार परियोजनामा लगानी गर्न सक्छन्। अहिले हामीसँग धेरै ठाउँमा 'पैसा छ, परियोजना छैन' भन्ने समस्या छ।

प्रोजेक्ट बैंकले 'परियोजना तयार गरौं, पैसा त्यसपछि परिचालन गरौं' भन्ने संस्कृति विकास गर्न सक्छ।

*कर्जा सुरक्षण पनि नयाँ ढंगले सोच्नुपर्छ*

नेपालका धेरै साना तथा मध्यम व्यवसायीमा व्यवसाय गर्ने क्षमता भए पनि पर्याप्त धितो नहुन सक्छ। यसले सम्भावित व्यवसायलाई बैंकिङ प्रणालीबाट बाहिर राख्न सक्छ। त्यसैले कर्जा सुरक्षण प्रणालीलाई सुधार गर्न आवश्यक छ। तर सरकारले सम्पूर्ण जोखिम लिनु हुँदैन।

व्यवसायीले आफ्नै पुँजी लगाउनुपर्छ, बैंकले परियोजनाको मूल्यांकन गर्नुपर्छ र सरकारले सीमित जोखिमको ग्यारेन्टी गर्न सक्छ। अर्थात् उद्यमीको स्वपुँजी, बैंक वित्तीय सहयोग र आंशिक कर्जा ग्यारेन्टीको संयोजन आवश्यक छ।

दीर्घकालीन लगानीका लागि बैंक मात्र पर्याप्त छैन। नेपालको अर्को संरचनात्मक समस्या छोटो अवधिको निक्षेपबाट लामो अवधिका परियोजना वित्तपोषण गर्ने प्रयास हो।

जलविद्युत, पूर्वाधार, ठूला उद्योग र पर्यटन परियोजनालाई १०-१५ वर्षको पुँजी आवश्यक पर्न सक्छ। त्यसैले नेपालको पुँजी बजारलाई बैंकिङ प्रणालीसँग समानान्तर रूपमा विकास गर्नुपर्छ। पूर्वाधार बन्ड, संस्थागत बन्ड, परियोजना वित्त, निवृत्तिभरण कोष, बीमा कोष, निजी इक्विटी तथा जोखिम पुँजीमार्फत दीर्घकालीन र उत्पादनशील क्षेत्रमा लगानी परिचालन गर्ने जस्ता माध्यमबाट दीर्घकालीन पूँजी परिचालन गर्न सकिन्छ।

यसले बैंकको तरलता व्यवस्थापन मात्र होइन, नेपालको क्यापिटल फर्मेसन नै बलियो बनाउन सक्छ।

लगानीकर्तालाई ऋणभन्दा पहिले विश्वास चाहिन्छ

नेपालमा लगानीको सबभन्दा ठूलो समस्या कहिलेकाहीँ ब्याजदरभन्दा विश्वास हुन सक्छ।

लगानीकर्ताले पाँच कुरा हेर्छ – नीति स्थिर छ कि छैन, कर प्रणाली अनुमानयोग्य छ कि छैन, सरकारी स्वीकृति कति छिटो हुन्छ, बजार सुनिश्चित छ कि छैन, कानुनी सुरक्षा कस्तो छ?

यी प्रश्नको उत्तर सकारात्मक नभएसम्म ब्याजदर घटाएर मात्र निजी लगानी बढाउन कठिन हुन्छ। त्यसैले नेपालको आर्थिक सुधारको लागि लगानी, विश्वास र सुधार हुनुपर्छ।

उत्पादन गर्ने हो भने बजार पनि बनाउनुपर्छ

उद्योग खोल्न लगानीकर्तालाई पैसा मात्र दिएर पुग्दैन। उत्पादन बिक्री हुने बजार पनि चाहिन्छ।

बाँकी पृष्ठ ३ मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## हाम्रो पैसा.....

नेपालले उत्पादनशील उद्योगका लागि निम्न कुरा गर्नुपर्छ।

- निर्यात सहजीकरण।
- गुणस्तर प्रमाणीकरण।
- भन्सार सुधार।
- लजिस्टिक्स खर्च घटाउने।
- अन्तर्राष्ट्रिय बजार पहुँच।
- व्यापार सम्झौताको प्रभावकारी उपयोग।

विशेषगरी नेपालले जलविद्युत, कृषि प्रशोधन, पर्यटन, आइटी तथा निर्यातमुखी उत्पादनलाई रणनीतिक क्षेत्रका रूपमा विकास गर्न सक्छ।

तर त्यसमा एउटा खतरा पनि छ– तरलता बढी भयो भन्दैमा बैंकलाई जबर्जस्ती कर्जा बाँड्न लगाउनु खतरनाक हुन सक्छ। यदि बैंकले राम्रो सम्भावना नभएका परियोजनामा कर्जा लगानी गर्‍यो भने परियोजना कमजोर हुन्छ। कर्जा फिर्ता नहुने, खराब कर्जा बढ्ने, बैंकको अवस्था कमजोर हुने, वित्तीय अस्थिरता बढ्ने अवस्था आउन सक्छ।

त्यसैले नेपालको नीति धेरै कर्जा दिनेभन्दा उत्पादन बढाउने क्षेत्रमा कर्जा दिने हुनुपर्छ। बैंकले कति कर्जा दियो भन्नेभन्दा पनि त्यो कर्जाबाट कति उत्पादन, रोजगारी र आम्दानी बढ्यो भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ।

अब नयाँ आर्थिक सूचक आवश्यक छ

नेपाल राष्ट्र बैंक र सरकारको आर्थिक नीतिमा एउटा नयाँ सूचकबारे बहस गर्न सकिन्छ, प्रोडक्टिभ क्रेडिट रेसियो अर्थात बैंकिङ प्रणालीबाट प्रवाह भएको कुल कर्जामध्ये वास्तविक उत्पादन, निर्यात, रोजगारी र मूल्य अभिवृद्धि गर्ने क्षेत्रमा गएको कर्जा कति हो?

यससँगै अर्को सूचक हुन सक्छ, क्रेडिट-टु-आउटपुट इम्प्याक्ट।

कुन क्षेत्रमा एक करोड कर्जा प्रवाह गर्दा कति उत्पादन, रोजगारी, निर्यात र कर राजस्व सिर्जना भयो?

यस्ता सूचकले बैंकिङ क्षेत्रलाई वास्तविक अर्थतन्त्रसँग अझ नजिकबाट जोड्न सक्छ।

***अब नेपालले के गर्ने?***

नेपालका लागि तत्काल प्राथमिकतामा राख्नुपर्ने पाँच प्रमुख सुधारहरू यस्ता हुन सक्छन्। नेपालले आर्थिक गतिविधि गति दिन र बैंकिङ प्रणालीमा रहेको वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न तत्काल पाँच वटा प्रमुख सुधारलाई प्राथमिकतामा राख्न आवश्यक छ।

पहिलो, राष्ट्रिय परियोजना बैंक (नेसनल प्रोजेक्ट बैंक) स्थापना गरी देशका प्राथमिकताप्राप्त, उत्पादनशील र व्यावसायिक रूपमा सम्भाव्य परियोजनाहरूको व्यवस्थित पाइपलाइन तयार गर्नुपर्छ। यसले बैंक तथा वित्तीय संस्थालाई कर्जा प्रवाहका लागि स्पष्ट, सम्भाव्य र प्रतिफल दिने परियोजना पहिचान गर्न सहज बनाउनेछ।

दोस्रो, कर्जा ग्यारेन्टी प्रणाली (क्रेडिट ग्यारेन्टी सिस्टम) लाई प्रभावकारी र जोखिम-साझेदारीमा आधारित बनाउनुपर्छ।

पर्याप्त धितो नभएका तर व्यावसायिक सम्भावना भएका उत्पादनशील उद्यम तथा परियोजनालाई राज्य, बैंक र उद्यमीबीच जोखिम बाँडफाँट हुने व्यवस्थामार्फत आवश्यक कर्जा उपलब्ध गराउनुपर्छ। यसबाट धितोको अभावकै कारण वित्तीय स्रोतबाट वञ्चित भइरहेका सम्भावनायुक्त उद्यमलाई लगानीको अवसर प्राप्त हुनेछ।

तेस्रो, दीर्घकालीन पुँजी बजार (लङ-टर्म क्यापिटल मार्केट) को विकास गर्नुपर्छ। आर्थिक विकासका लागि बैंकिङ क्षेत्रको कर्जामा मात्र निर्भर नभई निवृत्तिभरण कोष, बीमा कोष, पूर्वाधार तथा संस्थागत बन्ड, निजी इक्विटी, जोखिम पुँजी र परियोजना वित्तमार्फत दीर्घकालीन पुँजी परिचालन गर्ने वातावरण निर्माण गर्न आवश्यक छ।

यसले ठूला पूर्वाधार, उद्योग तथा उत्पादनमूलक परियोजनाका लागि स्थिर र दीर्घकालीन वित्तीय स्रोत उपलब्ध गराउन सक्छ।

चौथो, लगानीको वातावरण सुधार गर्दै लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नुपर्छ। उद्योग तथा लगानीका लागि नीतिगत स्थिरता, कर प्रणालीको पूर्वानुमेयता, प्रशासनिक प्रक्रियाको सरलीकरण, भ्रष्टाचार नियन्त्रण तथा प्रभावकारी कानुनी सुरक्षा सुनिश्चित गर्नुपर्छ। लगानीकर्ताले आफ्नो पुँजी, प्रतिफल र व्यावसायिक भविष्यप्रति विश्वस्त हुने वातावरण निर्माण नगरेसम्म वित्तीय स्रोत उपलब्ध भए पनि अपेक्षित निजी लगानी विस्तार हुन कठिन हुन्छ।

पाँचौं, बैंकिङ प्रणालीको सफलता कर्जाको मात्रामा होइन, त्यसबाट सिर्जित वास्तविक आर्थिक परिणाममा मापन गर्नुपर्छ। कति कर्जा प्रवाह भयो भन्नेभन्दा त्यस कर्जाबाट कति उत्पादन बढ्यो, कति रोजगारी सिर्जना भयो, कति निर्यात वृद्धि भयो, कति आयात प्रतिस्थापन भयो र सरकारको कर राजस्वमा कति योगदान पुग्यो भन्ने आधारमा बैंकिङ प्रणालीको प्रभावकारिता मूल्यांकन गर्नुपर्छ।

*निष्कर्ष*

बैंकमा धेरै पैसा जम्मा हुनु मात्र आर्थिक विकासको संकेत होइन। त्यो पैसा उद्योग, व्यवसाय र उत्पादनशील क्षेत्रमा लगानी भएर उत्पादन, रोजगारी, आम्दानी र निर्यात बढाउन सके मात्र त्यसको वास्तविक आर्थिक महत्व हुन्छ।

नेपालको अहिलेको मुख्य समस्या भएको पैसालाई उत्पादनमा लगाउने प्रणाली कमजोर हुनु हो। त्यसैले अब नेपालको आर्थिक नीतिले बैंकमा पैसा जम्मा गर्ने अवस्थाबाट पैसा उत्पादनशील क्षेत्रमा लगानी गर्ने अवस्थातर्फ अघि बढ्नुपर्छ।

यसका लागि एउटा सरल आर्थिक चक्र आवश्यक छ। बैंकमा संकलित निक्षेपलाई कर्जाका रूपमा उत्पादनशील क्षेत्रमा लगानी गरी उत्पादन र रोजगारी बढाउँदै निर्यात विस्तार तथा सरकारी राजस्व वृद्धि गर्न सकिए अन्ततः त्यसले समग्र आर्थिक वृद्धिलाई गति दिन्छ। बैंकमा रहेको अतिरिक्त पैसा समस्या नभई आर्थिक विकासको महत्वपूर्ण स्रोत बन्न सक्छ।

नेपाललाई अहिले थप बैंक मात्र चाहिएको होइन। बैंकमा जम्मा भएको पैसालाई राम्रो र उत्पादनशील परियोजनासँग जोड्ने बलियो आर्थिक प्रणाली चाहिएको छ।

*साभार: सेतोपाटीडटकम*

# प्रहरीलाई थप ड्रोन उपलब्ध गराउँदै सरकार, एआईमा पनि जोड



काठमाडौं । सरकारले विपद्पछिको खोज र उद्धार एवं दङ्गा नियन्त्रणसहितका जिम्मेवारी दिएर नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई थप मानवरहित हवाई उपकरण 'ड्रोन'हरू उपलब्ध गराउने र त्यससम्बन्धी थप तालिमप्राप्त जनशक्ति तयार पार्न काम गरिरहेको जनाएको छ।

गृह मन्त्रालयको यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा सीमा नाकाहरूमा अवैध गतिविधि नियन्त्रणका लागि 'ड्रोन' तथा 'नाइटभिजन क्यामरा'हरू प्रयोग गर्ने प्रतिबद्धता जनाइएको छ। मन्त्रालयले प्रकाशित गरेको बजेटसम्बन्धी पुस्तिकामा ड्रोन तथा ड्रोनप्रतिरोधी उपकरणका लागि रकम छुट्याइएको छ।

त्यसमा सीसीटीभी ग्रिडहरू देशभर विस्तार गर्ने र आर्टिफिशल इन्टेलिजन्स (एआई) विश्लेषणको क्षमता सुदृढ पार्ने शीर्षकमा पनि रकम विनियोजन गरिएको छ।

गृह मन्त्रालयका प्रवक्ताले सुरक्षा निकायका मूलभूत जिम्मेवारीहरूमा पनि प्रविधिको अधिकतम प्रयोग गर्ने र आवश्यकता पहिचान गरी विशिष्टीकृत संरचना तयार पार्न छलफल अघि बढेको बताए।

नेपाल प्रहरीका प्रवक्ताले चाहिँ केन्द्र र प्रदेश गरी प्रहरी सङ्गठनमा ड्रोन प्रयोग गर्न सक्ने ८८ जना रहेको भन्दै भविष्यमा केन्द्र, प्रदेश, जिल्ला तथा इलाकास्तसम्म हवाई सुरक्षा र सहयोग यूनिटहरू स्थापना गर्ने उद्देश्य राखिएको बताएका छन्।

***बजेटमा के छ?***

अर्थमन्त्री स्वर्णिम वाग्लेले बजेट पेस गर्नुअघि संसद्मा प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा वनडढेलोदेखि सीमा नाका निगरानीसम्मका मुद्दा उठेका थिए।

त्यसबाहेक विपद्को जोखिम नक्साङ्कनदेखि खोज तथा उद्धारमा निजी क्षेत्रसँग सहकार्य गर्दै ड्रोन र हेलिकप्टर प्रयोग गर्ने अनि सीमा नाकामा गैरकानुनी गतिविधि रोक्न ड्रोन एवं नाइटभिजन क्यामरा प्रयोग गर्ने उल्लेख गरिएको थियो।

बजेटमा चाहिँ 'पुलिस पट्रोलिङ' (गस्ती) ड्रोनका लागि २ करोड रुपैयाँ, 'हेभी लिफ्टिङ' (वजन उठाउने) ड्रोनका लागि १ करोड ९० लाख रुपैयाँ, 'सर्च एन्ड रेस्क्यू' (खोजी तथा उद्धार) ड्रोनका लागि २ करोड ५० लाख रुपैयाँ र 'एन्टीड्रोन' उपकरणका लागि ४ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ।

सशस्त्र प्रहरीको विनियोजन खण्डमा सुरक्षा प्रणाली तथा उपकरणका लागि झन्डै ३० करोड रुपैयाँ विनियोजन गरिएको छ।

गृह मन्त्रालयका अधिकारीहरू स्रोतसाधन र जनशक्तिको आवश्यकता अनि तालिमलगायतका विषयमा सुरक्षा निकायहरूले गृहकार्य गरिरहेको भन्दै एउटा निर्देशिका निर्माणको काम भइरहेको बताउँछन्।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बीबीसीसँग भने, "प्रविधिमा आएको परिवर्तनसँगै विपद् व्यवस्थापनलगायत सुरक्षा निकायका मूलभूत जिम्मेवारीहरूमा हामी ड्रोनलाई प्रयोग गर्ने र त्यो प्रयोगलाई व्यवस्थित गर्ने गरी अघि बढिरहेका छौँ।"

उनले थपे, "ड्रोनलाई कहाँ कसरी उपयोग गर्न सकिन्छ, सुरक्षा निकायहरूसँग न्यूनतम कति ड्रोन रहने, मर्मतसम्भारको पाटो र त्यसका लागि जनशक्ति विकास कसरी गर्न सकिन्छ भनेर हामी योजना बनाइरहेका छौँ।"

***नेपाल प्रहरीले केकेमा ड्रोनको प्रयोग गर्छ?***

नेपाल प्रहरीले सन् २०१५ को विनाशकारी भूकम्पको समयदेखि नै 'यूएभी' पनि भनिने ड्रोन प्रविधि प्रयोगमा ल्याएको थियो।

हाल सङ्गठनसँग २६ वटा विभिन्न प्रकारका मानवरहित हवाई उपकरण रहेको भन्दै नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्ले सात वटा त्यस्ता उपकरण मर्मत गर्नुपर्ने अवस्थामा रहेको बीबीसीलाई बताउँछन्।

"सुरक्षा व्यवस्थापन, अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन, खोज तथा उद्धार, सीमा निगरानी, राजमार्ग सुरक्षा, भिड नियन्त्रण तथा निगरानी, विपद् व्यवस्थापनलगायतको कार्यका लागि हामीले अहिले ड्रोनहरूको प्रयोग गरिरहेका छौँ," उनले भने।

केन्द्र, प्रदेश, जिल्ला तथा इलाकास्तरसम्म हवाई सुरक्षा र सहयोग यूनिटको साङ्गठनिक संरचना निर्माण गर्ने उद्देश्यसहित एउटा कार्यविधि तयार भएर कार्यान्वयनमा रहेको भन्दै उनले प्रहरी सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्य रहेको बताए। ड्रोनको मर्मत, सञ्चालन र तथ्याङ्क विश्लेषणका लागि नेपाल प्रहरीभित्रै विशिष्ट जनशक्ति तयार गर्ने उद्देश्य पनि उक्त कार्यविधिले राखेको उनले जानकारी दिए।

प्रहरीले ड्रोन तथा एन्टीड्रोनसम्बन्धी प्रयोग विधि २०८२ कार्यान्वयनमा ल्याएको र अनाधिकृत ड्रोन उडानको नियन्त्रणमा पनि भूमिका खेलिरहेको अधिकारीहरू बताउँछन्।

गृह मन्त्रालयले विसं २०७५ मा ल्याएको मानवरहित हवाई उपकरण 'ड्रोन' सम्बन्धी कार्यविधिमा नागरिक उड्ययन प्राधिकरणमा यस्ता उपकरण दर्ता गराउनुपर्ने प्रावधान छ।

ड्रोनको प्रकार हेरेर गृह मन्त्रालयदेखि स्थानीय प्रशासन वा प्रहरीसँग लिखित वा मौखिक सहमति लिएर ड्रोन उडाउन सकिने व्यवस्था पनि त्यसमा गरिएको छ।

उक्त कार्यविधिले मानवरहित हवाई उपकरणको उडानलाई पाँच श्रेणीमा वर्गीकरण गरेको छ, जसमा सैनिक र सुरक्षा प्रायोजन पनि समेटिएको छ।

त्यसबाहेक अध्ययन, खोज तथा अनुसन्धान, विपद् व्यवस्थापनसँग सम्बन्धित कामहरू, सेवा प्रवाह तथा विकास व्यवस्थापनसँग सम्बन्धित कार्य अनि कला साहित्य तथा मनोरञ्जनसँग सम्बन्धित कार्य एवं आमसञ्चारसम्बन्धी कार्यमा पनि ड्रोनको प्रयोग गर्न सकिने उल्लेख छ।

हाल निर्वाचन आयुक्तसमेत रहेका भूतपूर्व प्रहरी नायव महानिरीक्षक राजीव सुब्बा मानवरहित हवाई उपकरण प्रयोग गरी सुरक्षा निकायले जनहितमा कैयौँ कामहरू गर्न सक्ने बताउँछन्।

उनले भने, "विपद् व्यवस्थापनमा यूएभी प्रविधिको प्रयोग एकदमै काम लाग्छ। खोज तथा उद्धार र जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गर्न पनि उपयोगी हुन्छ। जात्रा, महामारीको समय एवं कर्फ्यूको समयमा ड्रोन प्रयोग गरेर सार्वजनिक सूचना समेत घोषणा गर्न सकिन्छ।"

त्यसबाहेक विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्था मिलाउन र दङ्गा नियन्त्रणमा पनि यो प्रविधि उपयोगी हुने अधिकारीहरू बताउँछन्। हालै सुनसरी जिल्लाको देवानगन्जमा सम्प्रादयिक तनावका घटना प्रकाशमा आएपछि नेपाल प्रहरीले सुरक्षा निगरानीका लागि ड्रोन परिचालन गरेको थियो। त्यसका लागि काठमाण्डूबाट ड्रोन लगिएका विवरणहरू आएका थिए।

नेपाल प्रहरीको सञ्चार निर्देशनालयले ड्रोन प्रविधि हेर्ने गर्छ। प्रहरीको सञ्चार प्रणाली, सीसीटीभी ग्रिड, ज्यामर, ड्रोन र रोबोटिक्ससहितका जिम्मेवारी हेर्ने उक्त निकायमा १,२०० भन्दा बढी प्राविधिक जनशक्ति छन्।

***प्रहरीको योजना***

यस वर्ष प्रहरीहरूले शरीरमा लगाउन मिल्ने क्यामराका लागि ४ करोड रुपैयाँ, सीसीटीभी ग्रिडका लागि ६ करोड रुपैयाँ र सुरक्षित डेटाबेस मशीनका लागि १८ करोड रुपैयाँ छुट्याइएको जनाइएको छ।

प्रहरीको एआईसँग सम्बन्धित सामर्थ्य सुदृढ बनाउन ५० करोड ४९ लाख रुपैयाँ र मोबाइल फोनको एन्ड्रोइड र आईओएस प्रणालीमा पहुँच दिने प्रणालीका लागि ५ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ।

यसै वर्षको मार्चमा प्रहरी प्रधान कार्यालयको अन्वेषण, योजना तथा विकास निर्देशनालयको मातहतमा रहने गरी आर्टिफिशल इन्टेलिजन्स एन्ड एड्भान्स्ड एनलिस्टिक्स सेल (एआई-एएसी) गठन गरिएको थियो।

पाँच वटा डेस्क बनाएर विभिन्न सफ्टवेअरमार्फत् अनुगमन प्रारम्भ गरिएको उक्त संरचना स्थापना गरिँदा त्यसमा छ जना कर्मचारी रहेका थिए।

"यो सेलले सामाजिक सञ्जाल तथा डिजिटल माध्यमहरूमाथि निगरानीको क्रममा देखिएका डिजिटल प्रमाणहरूलाई सुरक्षित रुपमा सङ्कलन, भण्डारण तथा व्यवस्थापन गर्ने गरेको छ," प्रहरी प्रवक्ता काफ्लेले भने।

पहिलो चरणमा एसपीको कमान्डमा १६ जनाको दरबन्दी सिर्जना गरी पूर्ण स्तरमा काम गर्ने र क्रमशः यसलाई प्रदेशमा पनि विस्तार गर्ने हाम्रो लक्ष्य रहेको यसअघि नेपाल प्रहरीका प्रवक्ताले बीबीसीलाई बताएका थिए। साभार: बीबीसी/नेपाली

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# गरिमा हत्या प्रकरणमा शीघ्र न्यायको माग

## प्रतिनिधिसभामा सांसदद्वारा दोषीमाथि कारबाही, कृषि, मलखाद, एलपी ग्यास र विपद् व्यवस्थापनमा सरकारको ध्यानाकर्षण

दैनिक समाचारदाता

काठमाडौँ ८ भदौ। प्रतिनिधि सभाको आजको बैठकमा सांसदहरूले बाराकी बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या प्रकरणमा दोषीमाथि यथाशीघ्र कारबाही गरी पीडित परिवारलाई न्याय दिलाउन सरकारसँग माग गरेका छन्।

बैठकको विशेष समयमा सांसदहरूले यस्ता जघन्य घटनामा प्रभावकारी रूपमा कारबाही हुन नसके अपराधीको मनोबल बढ्ने र आपराधिक प्रवृत्ति थप मौलाउने चेतावनी दिएका छन्। उनीहरूले यस्ता घटना किन र कुन परिस्थितिमा भइरहेका छन् भन्ने विषयमा गम्भीर अध्ययन गरी प्रतिवेदन तयार पार्न तथा त्यसका आधारमा प्रभावकारी नीति र कार्यक्रम कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका छन्। सांसदहरूले उपभोक्ताले खाना पकाउने एलपी ग्यास तथा किसानले आवश्यक



समयमा मलखाद नपाएको विषयमा पनि सरकारको ध्यानाकर्षण गराएका छन्। दैनिक उपभोग्य वस्तु तथा कृषि सामग्रीको सहज आपूर्तिका लागि सरकार गम्भीर हुनुपर्ने उनीहरूको भनाइ छ।

त्यस्तै, सांसदहरूले नेपालको राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहे पनि सरकारले कृषि क्षेत्रको बजेट कटौती गरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। कृषि क्षेत्रमा पर्याप्त लगानी हुन नसक्दा ग्रामीण क्षेत्रबाट बसाइँसराइ बढिरहेको उनीहरूको भनाइ छ। कृषि क्षेत्रप्रति सरकारको नीति, सिद्धान्त र प्राथमिकता एउटा दिशामा भए पनि बजेट विनियोजन भने अर्कैतर्फ रहेको भन्दै सांसदहरूले समयमै सचेत भएर यस विषयमा पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका छन्।

सांसदहरूले प्रधानमन्त्री विदेश भ्रमणमा रहँदा सुरक्षा प्रोटोकललाई गम्भीरतापूर्वक पालना गर्नुपर्ने, उपलब्ध स्रोत-साधनको उचित सदुपयोग गर्नुपर्ने तथा भ्रमणका विषयमा संसद्लाई जानकारी गराउनुपर्ने मागसमेत गरेका छन्। त्यसैगरी, बाढी, पहिरोलगायतका विपद्का कारण मुलुक प्रभावित भइरहेको र सयौँ बिघा खेतीयोग्य जमिन कटान तथा क्षतिका कारण नष्ट भएको भन्दै सांसदहरूले तत्काल आवश्यक व्यवस्थापन र राहतका लागि सरकारले पहल गर्नुपर्नेमा जोड दिएका छन्।

जनताका दैनिक समस्या, कृषि क्षेत्रको संकट, विपद्को क्षति तथा महिला र बालबालिकामाथि हुने हिंसाजस्ता गम्भीर विषयमा संसद्मा उठेका प्रश्नलाई सरकारले औपचारिक जवाफमा मात्र सीमित नराखी ठोस कार्यान्वयनमा लैजान आवश्यक छ। विशेषतः गरिमा चौधरी हत्या प्रकरणमा शीघ्र र निष्पक्ष अनुसन्धान तथा दोषीमाथि कडा कानुनी कारबाहीले मात्रै पीडित परिवारलाई न्यायको अनुभूति गराउन सक्नेछ।

# दुई वर्षीया खुसीको हत्या सौतेनी आमा पक्राउ



दैनिक समाचारदाता

राजविराज, ८ भदौ। सप्तरीको शम्भुनाथ नगरपालिका-३, ट्राफिक बजारमा दुई वर्षीया बालिकाको हत्या भएको घटनामा उनकी सौतेनी आमाको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

स्थानीय मो. इरफानकी दुई वर्षीया छोरी खुसी खातुन आइतबार बिहान घरबाट हराएकी थिइन्। बालिका हराएको सूचना पाएपछि प्रहरीले आफन्त तथा स्थानीयवासीको सहयोगमा खोजतलास गर्दा सोही दिन घरपछाडिको झाडीमा मृत अवस्थामा फेला पारेको थियो।

घटनापछि प्रहरीले अनुसन्धानका लागि बालिकाकी सौतेनी आमा मुस्कान खातुनलाई नियन्त्रणमा लिएको थियो। जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा सौता रुबिना खातुनसँगको विवादका कारण मुस्कानले बालिकाको हत्या गरेको खुलेको छ।

प्रनाउ घिमिरेका अनुसार घटनाको वास्तविक कारण तथा हत्या कसरी भएको भन्ने विषयमा थप अनुसन्धान भइरहेको छ। शव परीक्षण प्रतिवेदन तथा अनुसन्धानबाट घटनाको विस्तृत विवरण खुल्ने उहाँले बताउनुभयो।

प्रहरीका अनुसार मृतक बालिकाको शव आइतबार नै पोस्टमार्टम गरिएको थियो। पोस्टमार्टमपछि आमाले शव बुझेर अन्तिम संस्कारका लागि लगेको प्रनाउ घिमिरेले जानकारी दिनुभयो। मृतक बालिकाका बुवा वैदेशिक रोजगारीमा रहेको प्रहरीले जनाएको छ।

पारिवारिक विवादसँग जोडिएको देखिएको उक्त घटनामा अन्य पक्षको संलग्नता तथा घटनाको पृष्ठभूमिबारे समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

प्रहरीले शव परीक्षण प्रतिवेदन, घटनास्थलबाट संकलित प्रमाण तथा नियन्त्रणमा रहेकी मुस्कानको बयानलगायतका आधारमा अनुसन्धान अघि बढाइरहेको छ। घटनाको यथार्थ कारण र विस्तृत विवरण अनुसन्धान पूरा भएपछि मात्र स्पष्ट हुने प्रनाउ घिमिरेले बताउनुभयो।

घटनाले स्थानीयवासीलाई स्तब्ध बनाएको छ।

# विज्ञापन बजार सुधार्न समग्र चक्र व्यवस्थित गरिने

## सरकारी विज्ञापन वितरण पारदर्शी र व्यावसायिक बनाउन सरकार प्रतिबद्ध : सञ्चारमन्त्री

दैनिक समाचारदाता

काठमाडौँ ८ भदौ। सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले नेपालको विज्ञापन बजारलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र व्यावसायिक बनाउन सरकारले समग्र विज्ञापन चक्र सुधार गर्ने गरी काम गरिरहेको बताउनुभएको छ।

राष्ट्रिय विज्ञापन संघ नेपालका पदाधिकारीले आज सञ्चारमन्त्री डा. तिमिल्सिनासँग गरेको भेटमा उहाँले विगतमा सरकारी विज्ञापन वितरणमा आर्थिक अनियमितता देखिएको विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको बताउनुभयो। आगामी दिनमा सरकारी विज्ञापन वितरणमा त्यस्ता समस्या दोहोरिन नदिन विज्ञापन चक्रसँग जोडिएका सबै पक्षले आफ्नो जिम्मेवारी पारदर्शी र व्यावसायिक ढङ्गले निर्वाह गर्नुपर्ने उहाँको भनाइ थियो।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले केही समयअघि राष्ट्रिय विज्ञापन नीति जारी भएको उल्लेख गर्दै विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी बनाउन नीतिगत सुधारलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने बताउनुभयो। विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम,



नियामक निकाय तथा उपभोक्तासहित विज्ञापन बजारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका सबै पक्षको भूमिका महत्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो।

उहाँले पछिल्ला वर्षमा डिजिटल माध्यमको तीव्र विकाससँगै विज्ञापन गर्ने शैली र उपभोक्ताको व्यवहारमा समेत ठूलो परिवर्तन आएको बताउनुभयो। विगतमा प्रयोग हुँदै आएका परम्परागत विज्ञापनका तरिका मात्र पर्याप्त नहुने भन्दै उहाँले प्रविधिको विकास र बदलिँदो उपभोक्ता व्यवहारअनुसार विज्ञापन बजारलाई नयाँ ढङ्गले अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री डा. तिमिल्सिनाले नेपालको सञ्चार तथा विज्ञापन क्षेत्रलाई सिर्जनात्मक, प्रतिस्पर्धी र व्यावसायिक बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताउनुभयो। विज्ञापन क्षेत्रको विकासले सञ्चारमाध्यमको आर्थिक आधार बलियो बनाउनुका साथै रोजगारी सिर्जना र व्यवसाय प्रवर्द्धनमा समेत योगदान पुर्‍याउने भएकाले यसलाई व्यवस्थित र मर्यादित बनाउनुपर्ने उहाँको भनाइ थियो।

सो अवसरमा राष्ट्रिय विज्ञापन संघ नेपालले कोभिड-१९ महामारीपछि नेपालको अर्थतन्त्रसँगै विज्ञापन व्यवसायसमेत प्रभावित भएको उल्लेख गर्दै विज्ञापन बजार र विज्ञापन एजेन्सीले भोगिरहेका समस्या तथा कानुनी र नीतिगत विषयमा मन्त्रालयको ध्यानाकर्षण गराएको थियो।

विज्ञापन एजेन्सीले सरकार, सञ्चारमाध्यम, विज्ञापनदाता र उपभोक्ताबीच महत्वपूर्ण सेतुका रूपमा काम गर्दै आएको उल्लेख गर्दै सङ्घले यस क्षेत्रले हजारौँ रोजगारी सिर्जना गर्नुका साथै व्यापार तथा व्यवसाय प्रवर्द्धनमा समेत उल्लेखनीय योगदान पुर्‍याउँदै आएको जनाएको थियो।





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४



अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४